# नवलपुर जिल्ला अदालत,
## कावासोती

पत्र. संख्या ०७५/०७६

चलानी नं.

मितिः२०७६-०२-०२

## सूचना ! सूचना !! सूचना !!!

***विषयः- लेखापढी प्रमाणपत्रको लागि दरखास्त दिने सम्बन्धमा ।***

लेखापढी व्यवासायी सम्बन्धी नियमावली, २०५१ बमोजिम अड्डा अदालतमा लेखापढी गर्न उक्त नियमावली नियम ३ बमोजिम योग्यता पुगी १८ वर्ष नाघेका इच्छुक नेपाली नागरिकहरूले मिति २०७६।०२।०२ देखि २०७६।०२।३१ गते सम्म देहायको शर्तको अधिनमा रही दरखास्त पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

- दरखास्तको ढाँचा नियमावलीको अनुसूचि-१ बमोजिमको हुनेछ ।
- दरखास्तको साथ तीन प्रति पासपोर्ट साइजको फोटो, शैक्षिक योग्यता तथा नागरिकता प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नु पर्नेछ ।
- दरखास्तसाथ रू.११०।-दस्तुर ( नगदी रसिद) बुझाउनु पर्नेछ ।
- प्राप्त दरखास्त मध्ये उपयुक्त उम्मेदवार छनौट गर्न देहायको विषय समावेश भएको लिखित परीक्षा र लिखित परीक्षाबाट उर्तिण उम्मेदवारहरूले अन्तर्वार्ताबाट छनौट भएपछि अदालतबाट निर्धारित प्रमाणपत्र प्रदान गरिनेछ ।
- दरखास्तवालाहरूले मिति २०७६।०३।०२ र ३ गते यस अदालतमा सम्पर्क गर्नु पर्नेछ ।
- लिखित परीक्षाको मिति, समय र स्थान सम्पर्क मितिमा जानकारी गराइनेछ ।
- ***लिखित परीक्षामा समावेश हुने विषयहरूः***
  - राजिनामा, अंशबण्डा, बकसपत्र लगायतका मालपोत कार्यालयमा पारित हुने लिखत
  - अदालतमा प्रयोग हुने तारेख थाम्ने, साक्षी हाजिर गराउने, वारेसनामा लगायतका लिखतहरू
  - अर्धन्यायिक निकाय, स्थानीय तहको न्यायिक समितिमा दर्ता गरिने सामान्य निवेदनहरू
  - तमसुक, भरपाई बैनापत्र, वारेसनामा जस्ता सामान्य प्रकृतिका घरायसी कागजाहरू
  - जाहेरी दरखास्त लगायतका निवेदन ।
  - लेखापढी व्यवसायी सम्बन्धी नियमावली, २०५१
  - लेखापढी व्यवसायीको आचार संहिता, २०६४

..........

( तारादत्त बडू )

स्रेस्तेदार (उप-सचिव

*(विस्तृत जानकारीको लागि यस अदालतको प्रशासन शाखा/फोन नं.०७८-५४०४१२ मा कार्यालय समय भित्र सम्पर्क राख्नु हुन अनुरोध छ ।)*